# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश, हेटौंडा

प्रशासन तथा अनुगमन शाखा

**प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका (अप्राविधिक/प्राविधिक) र स्वास्थ्य सेवाका अधिकृत नवौं तहका पदहरूको आन्तरिक अन्तर सेवा, अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन**

**सूचना नं. १४४/०८०/८१, प्रकाशन मितिः २०८०/०९/०९**

बागमती प्रदेशको प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका निम्न सेवा, समूह, उपसमूह तथा तहका पदहरूमा अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली ppsconline.bagamati.gov.np मार्फत् आवेदन दिनुपर्नेछ। प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका आन्तरिक अन्तर सेवा, अन्तर तह र खुला तथा समावेशी प्रतियोगिताका परीक्षा एकीकृत रूपमा एकै पटक सञ्चालन हुनेछ र प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको प्राथमिकताक्रम अनुसार नियुक्तिको लागि सम्बन्धित निकायमा सिफारिस गरिने छ।

विज्ञापन भएका पदहरू दरखास्तको अन्तिम मिति भित्र कुनै कारणवस परिमार्जन गर्नु परेमा आयोगको निर्णय बमोजिम परिमार्जन हुन सक्नेछ।

**विवरण**

| क्र. सं. | विज्ञापन नम्बर | तह | सेवा, समूह, उपसमूह, पद | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद सङ्ख्या | परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | १/०८०-८१ | ९ | प्रशासन/सामान्य प्रशासन/अधिकृत नवौं वा सो सरह | प्रदेश | आ.अ.से. | ३ | २०८०/११/०९ बिहान ८:०० बजे | २०८०/११/१० बिहान ८:०० बजे |
| २. | २/०८०-८१ | ९ | प्रशासन/सामान्य प्रशासन/अधिकृत नवौं वा सो सरह | प्रदेश | अ.त. | ३ | | |
| ३. | ३/०८०-८१ | ९ | प्रशासन/सामान्य प्रशासन/अधिकृत नवौं वा सो सरह | प्रदेश | खुला | १ | | |
| ४. | | ९ | प्रशासन/सामान्य प्रशासन/अधिकृत नवौं वा सो सरह | स्थानीय | खुला | १ | | |
| ५. | ४/०८०-८१ | ९ | प्रशासन/सामान्य प्रशासन/अधिकृत नवौं वा सो सरह | प्रदेश | महिला | १ | | |
| ६. | ५/०८०-८१ | ९ | प्रशासन/सामान्य प्रशासन/अधिकृत नवौं वा सो सरह | प्रदेश | आ.ज. | १ | | |
| ७. | ६/०८०-८१ | ९ | प्रशासन/लेखा/अधिकृत नवौं वा सो सरह | प्रदेश | आ.अ.से. | १ | २०८०/११/११ बिहान ८:०० बजे | २०८०/११/१२ बिहान ८:०० बजे |
| ८. | ७/०८०-८१ | ९ | इन्जिनियरिङ/सिभिल/इरिगेशन/सि.डि.इ. वा सो सरह | प्रदेश | आ.अ.से. | १ | २०८०/१२/०१ बिहान ८:०० बजे | २०८०/१२/०२ बिहान ८:०० बजे |

| क्र. सं. | विज्ञापन नम्बर | तह | सेवा, समूह, उपसमूह, पद | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद सङ्ख्या | परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| ९. | ८/०८०-८१ | ९ | इन्जिनियरिङ/जियोलोजी/हाइड्रोजियोलोजी/सि.डि.इ. वा सो सरह | प्रदेश | आ.अ.से. | १ | २०८०/११/१७ बिहान ८:०० बजे | २०८०/११/१८ बिहान ८:०० बजे |
| १०. | ९/०८०-८१ | ९ | इन्जिनियरिङ/सिभिल/स्यानिटरी/सि.डि.इ. वा सो सरह | प्रदेश | आ.अ.से. | १ | २०८०/१२/०३ बिहान ८:०० बजे | २०८०/१२/०४ बिहान ८:०० बजे |
| ११. | १०/०८०-८१ | ९ | इन्जिनियरिङ/सिभिल/जनरल/सि.डि.इ. वा सो सरह | स्थानीय | आ.अ.से. | १ | २०८०/११/१३ बिहान ८:०० बजे | २०८०/११/१४ बिहान ८:०० बजे |
| १२. | ११/०८०-८१ | ९ | | प्रदेश | अ.त. | १ | | |
| १३. | १२/०८०-८१ | ९ | | स्थानीय | अ.त. | १ | | |
| १४. | १३/०८०-८१ | ९ | | प्रदेश | खुला | १ | | |
| १५. | १४/०८०-८१ | ९ | | स्थानीय | महिला | १ | | |
| १६. | १५/०८०-८१ | ९ | इन्जिनियरिङ/सिभिल/वि. एण्ड आ./सि.डि.इ. वा सो सरह | प्रदेश | अ.त. | १ | २०८०/११/१५ बिहान ८:०० बजे | २०८०/११/१६ बिहान ८:०० बजे |
| १७. | १६/०८०-८१ | ९ | | प्रदेश | खुला | १ | | |
| १८. | १७/०८०-८१ | ९ | कृषि/कृषि प्रसार/वरिष्ठ कृषि प्रसार अधिकृत | प्रदेश | आ.अ.से. | १ | २०८०/१२/०१ अपरान्ह ३:०० बजे | २०८०/१२/०२ अपरान्ह ३:०० बजे |
| १९. | १८/०८०-८१ | ९ | कृषि/बागबानी/वरिष्ठ बागबानी विकास अधिकृत | प्रदेश | अ.त. | १ | २०८०/११/१३ अपरान्ह ३:०० बजे | २०८०/११/१४ अपरान्ह ३:०० बजे |
| २०. | १९/०८०-८१ | ९ | कृषि/बाली संरक्षण/वरिष्ठ बाली संरक्षण अधिकृत | प्रदेश | आ.अ.से. | १ | २०८०/१२/०५ बिहान ८:०० बजे | २०८०/१२/०६ बिहान ८:०० बजे |
| २१. | २०/०८०-८१ | ९ | कृषि/भेटेरिनरी/वरिष्ठ पशु चिकित्सक | प्रदेश | आ.अ.से. | १ | २०८०/१२/०७ बिहान ८:०० बजे | २०८०/१२/०८ बिहान ८:०० बजे |
| २२. | २१/०८०-८१ | ९ | वन/जनरल फरेष्ट्री/डिभिजनल वन अधिकृत वा सो सरह | प्रदेश | आ.अ.से. | १ | २०८०/११/१५ अपरान्ह ३:०० बजे | २०८०/११/१६ अपरान्ह ३:०० बजे |
| २३. | २२/०८०-८१ | ९ | | प्रदेश | अ.त. | १ | | |
| २४. | २३/०८०-८१ | ९ | शिक्षा/शिक्षा प्रशासन/अधिकृत नवौं वा सो सरह | प्रदेश | आ.अ.से. | १ | २०८०/११/१७ अपरान्ह ३:०० बजे | २०८०/११/१८ अपरान्ह ३:०० बजे |
| २५. | २४/०८०-८१ | ९ | | प्रदेश | अ.त. | १ | | |
| २६. | २५/०८०-८१ | ९ | | प्रदेश | खुला | १ | | |
| २७. | २६/०८०-८१ | ९ | स्वास्थ्य/हेल्थ इन्स्पेक्सन/जनस्वास्थ्य प्रशासक | प्रदेश | आ.अ.से. | १ | २०८०/१२/०३ अपरान्ह ३:०० बजे | २०८०/१२/१९ बिहान ८:०० बजे |
| २८. | २७/०८०-८१ | ९ | | प्रदेश | खुला | १ | | |
| २९. | २८/०८०-८१ | ९ | स्वास्थ्य/एकिकृत चिकित्सा/जनस्वास्थ्य प्रशासक | प्रदेश | आ.अ.से. | १ | | २०८०/१२/०६ अपरान्ह ३:०० बजे |
| ३०. | २९/०८०-८१ | ९ | | प्रदेश | खुला | १ | | |
| ३१. | ३०/०८०-८१ | ९ | स्वास्थ्य/प्याथोलोजी/जनरल प्याथोलोजी/कन्सल्टेन्ट प्याथोलोजिष्ट | प्रदेश | आ.अ.से. | १ | | २०८०/१२/१९ अपरान्ह ३:०० बजे |
| ३२. | ३१/०८०-८१ | ९ | स्वास्थ्य/अब्टेट्रिक्स एण्ड गाइनोकोलोजी/कन्सल्टेन्ट अब्टेट्रिक्स एण्ड गाइनोकोलोजिष्ट | प्रदेश | आ.अ.से. | १ | | २०८०/१२/०५ अपरान्ह ३:०० बजे |
| ३३. | ३२/०८०-८१ | ९ | | प्रदेश | खुला | १ | | |

| क्र.सं. | विज्ञापन नम्बर | तह | सेवा, समूह, उपसमूह, पद | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद सङ्ख्या | परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| ३४. | ३३/०८०-८१ | ९ | स्वास्थ्य/पेडियाट्रिक्स/पेडियाक्ट्रिक्स मेडिसिन/कन्सल्टेन्ट पेडियाट्रिसियन | प्रदेश | आ.अ.से. | १ | २०८०/१२/०३ अपरान्ह ३:०० बजे | २०८०/१२/०९ बिहान ८:०० बजे |
| ३५. | ३४/०८०-८१ | ९ | | प्रदेश | खुला | १ | | |
| ३६. | ३५/०८०-८१ | ९ | स्वास्थ्य/मेडिसिन/जनरल मेडिसिन/कन्सल्टेन्ट जनरल फिजिसियन | प्रदेश | आ.अ.से. | १ | | २०८०/१२/१८ अपरान्ह ३:०० बजे |
| ३७. | ३६/०८०-८१ | ९ | | प्रदेश | खुला | १ | | |
| ३८. | ३७/०८०-८१ | ९ | स्वास्थ्य/एनेस्थेसियोलोजी/कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट | प्रदेश | आ.अ.से. | १ | | २०८०/१२/०७ अपरान्ह ३:०० बजे |
| ३९. | ३८/०८०-८१ | ९ | | प्रदेश | खुला | १ | | |
| ४०. | ३९/०८०-८१ | ९ | स्वास्थ्य/साइक्याट्री/कन्सल्टेन्ट साइक्याट्रिष्ट | प्रदेश | आ.अ.से. | १ | | २०८०/१२/१० बिहान ८:०० बजे |
| ४१. | ४०/०८०-८१ | ९ | | प्रदेश | खुला | १ | | |
| ४२. | ४१/०८०-८१ | ९ | स्वास्थ्य/सर्जरी/जनरल सर्जरी/कन्सल्टेन्ट जनरल सर्जन | प्रदेश | आ.अ.से. | १ | | २०८०/१२/१८ बिहान ८:०० बजे |
| ४३. | ४२/०८०-८१ | ९ | स्वास्थ्य/सर्जरी/अर्थोपेडिक सर्जरी/कन्सल्टेन्ट अर्थोपेडिक सर्जन | प्रदेश | आ.अ.से. | १ | | २०८०/१२/१० अपरान्ह ३:०० बजे |
| ४४. | ४३/०८०-८१ | ९ | | प्रदेश | खुला | १ | | |
| ४५. | ४४/०८०-८१ | ९ | स्वास्थ्य/रेडियोलोजी/कन्सल्टेन्ट रेडियोलोजिष्ट | प्रदेश | आ.अ.से. | १ | | २०८०/१२/०९ अपरान्ह ३:०० बजे |
| ४६. | ४५/०८०-८१ | ९ | | प्रदेश | खुला | १ | | |
| ४७. | ४६/०८०-८१ | ९ | स्वास्थ्य/जनरल हेल्थ सर्भिसेज/मेडिकल सुपरिटेन्डेन्ट | प्रदेश | आ.अ.से. | २ | | २०८०/१२/०८ अपरान्ह ३:०० बजे |

**स्थानीय सेवा अन्तर्गत नवौं तहको विज्ञापनमा समावेश भएका सेवा/समूह अनुसार स्थानीय तह र मागपदसङ्ख्या विवरणः**

| क्र.सं. | सेवा, समूह, उपसमूह, पद | जिल्ला | स्थानीय तह | पद सङ्ख्या |
|---|---|---|---|---|
| १ | प्रशासन/सामान्य प्रशासन/अधिकृत नवौं वा सो सरह | काठमाडौं | काठमाडौं महानगरपालिका | ३ |
| २ | शिक्षा/शिक्षा प्रशासन/अधिकृत नवौं वा सो सरह | दोलखा | भिमेश्वर नगरपालिका | १ |
| ३ | कृषि/ला.पो.डे.डे./वरिष्ठ पशु विकास अधिकृत | दोलखा | बिगु गाउँपालिका | १ |
| ४ | इन्जिनियरिङ/मेकानिकल/ज.मेका./डिभिजनल मेकानिकल इन्जिनियर | काठमाडौं | काठमाडौं महानगरपालिका | १ |
| ५ | इन्जिनियरिङ/सिभिल/सि.डि.इ. वा सो सरह | काभ्रेपलाञ्चोक | पाँचखाल नगरपालिका | १ |
| | | मकवानपुर | हेटौंडा उपमहानगरपालिका | १ |
| | | धादिङ | धुनिबेशी नगरपालिका | १ |
| | | ललितपुर | ललितपुर महानगरपालिका | १ |
| | | चितवन | खैरहनी नगरपालिका | १ |
| | | काभ्रेपलाञ्चोक | पनौती नगरपालिका | १ |
| | | चितवन | कालिका नगरपालिका | १ |
| | | नुवाकोट | बेलकोटगढी नगरपालिका | १ |
| | | रामेछाप | मन्थली नगरपालिका | १ |
| | | सिन्धुपाल्चोक | चौतारा सागाँचोकगढी नगरपालिका | १ |
| | | सिन्धुली | कमलामाई नगरपालिका | १ |
| | | सिन्धुली | दुधौली नगरपालिका | १ |

**1= परीक्षाको किसिमः-** लिखित र अन्तर्वार्ता। (लिखित परीक्षाको माध्यम भाषा सम्बन्धित पाठ्यक्रममा

तोकिएबमोजिम हुनेछ।)

2= **परीक्षा केन्द्रः-** हेटौंडा।

3= **दरखास्त दिने अन्तिम मितिः-** २०८०/०९/२९ गते र दोब्बर दस्तुर तिरी २०८०/१०/०७ गतेसम्म।

4= **उम्मेदवारको उमेरको हदः**
- २०८०/०९/२९ गतेसम्म २१ वर्ष उमेर पूरा भै ३५ वर्ष ननाघेको। महिलाको हकमा ४० वर्ष ननाघेको। स्वास्थ्य सेवा र अपाङ्गको हकमा समेत सोही अनुसार हुनेछ।
- प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १८ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ को प्रतिबन्धात्मक वाक्यांश (१) र (२) बमोजिमको उमेर हद बहालवाला स्थायी कर्मचारीहरूमा लागू हुनेछ।

5= **दरखास्त दस्तुरः-** क. रु.१,५००|- (एक हजार दुई सय रुपैंया)।
ख. प्रत्येक थप समावेशी समूह/पत्रको लागि रु.७००|- (छ सय रुपैयाँ) थप दस्तुर लाग्नेछ।

6= **दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-**
- दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत् सिर्जित बैङ्क भौचर (Master ID र कारोवार सङ्केत नम्बर उल्लेख भएको) प्रिन्ट गरी तोकिएका बैङ्कबाट नगद बुझाउन सकिनेछ।
- दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत् बैङ्क भौचर सिर्जित भैसकेपछि Connect IPS मार्फत् पनि भुक्तानी गर्न सकिनेछ। (अन्य विद्युतीय भुक्तानी प्रणाली जस्तैः Connect IPS, E-sewa, Khalti etc. बाट **direct** भुक्तानी अनलाईन प्रणालीमा मान्य हुने छैन।)

7= **दरखास्त दस्तुर बुझाउने अवधिः** ढिलोमा <u>मिति २०८०/१०/०८ गतेसम्म</u> तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य रूपमा बुझाई सक्नु पर्नेछ।

8= **अपलोड गर्ने कागजातहरूः** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, स्वास्थ्य सेवाको हकमा सम्बन्धित स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता/नविकरण भएको प्रमाण लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीमा तोकिएको स्थानमा PDF Format (maximum size 500KB) मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारहरूले आफ्नो फोटो, दस्तखतको नमूना, नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी JPG Format (maximum size 500KB) मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयम् पूर्ण जवाफदेही हुनु पर्नेछ।

9= **अन्तर्वार्ता मिति र स्थानः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

10= **पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी।

11= **तलबः-** प्रचलित कानून बमोजिम।

## आन्तरिक अन्तर सेवा तथा अन्तरतह सम्बन्धी व्यवस्थाः

- प्रदेश निजामती सेवाको आन्तरिक अन्तर सेवा तर्फ प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८ को उपदफा (८) बमोजिम आन्तरिक अन्तर सेवा प्रतियोगिताद्वारा पदपूर्ति हुने पदका लागि तोकेको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको र बागमती प्रदेशको प्रदेश निजामती सेवाको एक तह मुनिको पदमा पाँच वर्ष सेवा अवधि पूरा गरेको कर्मचारी उम्मेदवार हुन सक्नेछ।
- स्थानीय सेवाको आन्तरिक अन्तर सेवा तर्फ स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९ को (८) बमोजिम आन्तरिक अन्तर सेवा प्रतियोगिताद्वारा पूर्ति हुने पदका लागि तोकेको

न्यूनतम शैक्षिक योग्यता हासिल गरेको र बागमती प्रदेश अन्तर्गतका जुनसुकै स्थानीय सेवाको एक तह मुनिको पदमा पाँच वर्ष सेवा अवधि पूरा गरेको कर्मचारी उम्मेदवार हुन सक्नेछ।

- प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८ को उपदफा (६) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९ को (६) बमोजिम अन्तर तह प्रतियोगिताद्वारा पदपूर्ति हुने पदमा सङ्घीय निजामती सेवा वा जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा वा जुनसुकै स्थानीय तहको सेवाको एक श्रेणी वा तह मुनीको पदमा कम्तिमा पाँच वर्ष सेवा अवधि पूरा गरेका र पूर्ति हुने पदका लागि तोकिए बमोजिमको शैक्षिक योग्यता हासिल गरेका कर्मचारी उम्मेदवार हुन सक्नेछन्।

## आवश्यक न्यूनतम योग्यताः

क. **आन्तरिक अन्तर सेवा तर्फको लागिः** प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८ को उपदफा (८) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९ को उपदफा (८) बमोजिम सेवा अवधि तथा तपसिल बमोजिमको शैक्षिक योग्यता भएको।

1= **प्रशासन/सामान्य प्रशासन/अधिकृत नवौं वा सो सरहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण।

2= **प्रशासन/लेखा/अधिकृत नवौं वा सो सरहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यापार प्रशासन वा वाणिज्य शास्त्र वा व्यवस्थापन संकायमा स्नातक वा चार्टर्ड एकाउन्टेन्सी वा सो सरह उतीर्ण।

3= **इन्जिनियरिङ/सिभिल/इरिगेशन/सि.डि.इ. वा सो सरहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा बी.ई. वा सो सरह उत्तीर्ण।

4= **इन्जिनियरिङ/सिभिल/स्यानिटरी/सि.डि.इ. वा सो सरहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ वा स्यानिटरी इन्जिनियरिङ वा पब्लिक हेल्थ इन्जिनियरिङ विषयमा बी.ई. वा सो सरह उत्तीर्ण।

5= **इन्जिनियरिङ/जियोलोजी/हाइड्रोजियोलोजी/सि.डि.इ. वा सो सरहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट हाईड्रोजियोलोजी विषयमा वा हाइड्रोजियोलोजी वा ग्राउण्ड वाटर हाइड्रोलोजी लिई जियोलोजी वा जियोफिजिक्स वा जियोलोजिकल इन्जिनियरिङ वा एप्याइड जियोलोजीमा एम.एस.सी. वा सो सरहको स्नातकोत्तर उपाधि प्राप्त गरेको वा जियोलोजी वा जियोलोजिकल इन्जिनियरिङ वा जियोफिजिक्स विषयमा एम.एस्सी. वा सो सरहको स्नातकोत्तर उपाधि प्राप्त गरी ग्राउण्ड वाटर सम्बन्धी विषयमा तीन महिनाको तालिम प्राप्त।

6= **कृषि/कृषि प्रसार/वरिष्ठ कृषि प्रसार अधिकृतः** मान्यता प्राप्त शिक्षण संस्थाबाट बी.एस्सी. (एगृ.) वा सो सरह उत्तीर्ण।

7= **कृषि/बाली संरक्षण/वरिष्ठ बाली संरक्षण अधिकृतः** मान्यता प्राप्त शिक्षण संस्थाबाट बी.एस्सी.(एगृ.) वा प्लाण्ट प्याथोलोजी वा एण्टोमोलोजीमा एम.एस्सी वा सो सरह उत्तीर्ण।

8= **कृषि/भेटेरिनरी/वरिष्ठ पशु चिकित्सकः** मान्यता प्राप्त शिक्षण संस्थाबाट बी.भी. एस्सी. एण्ड एच. वा डि.भी.एम. वा सो सरह उत्तीर्ण।

9= **वन/जनरल फरेष्ट्री/डिभिजन वन अधिकृत वा सो सरहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण।

10= **शिक्षा/शिक्षा प्रशासन/अधिकृत नवौं वा सो सरहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण।

11= **स्वास्थ्य/हेल्थ इन्स्पेक्सन/जनस्वास्थ्य प्रशासकः** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक उपाधि प्राप्त।

12= **स्वास्थ्य/एकिकृत चिकित्सा/जनस्वास्थ्य प्रशासकः** मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद तथा एलोप्याथी विषयमा स्नातक (व्याचलर अफ आयुर्वेदिक एण्ड मोर्डन मेडिसिन एण्ड सर्जरी) उपाधि प्राप्त।

13= **स्वास्थ्य/प्याथोलोजी/जनरल प्याथोलोजी/कन्सल्टेन्ट प्याथोलोजिष्टः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधि प्राप्त गरी प्याथोलोजीमा स्नातकोत्तर वा पोष्ट ग्रयाजुएट डिप्लोमा वा सो सरह।

14= **स्वास्थ्य/अब्टेट्रिक्स एण्ड गाइनोकोलोजी/कन्सल्टेन्ट अब्टेटिक्स एण्ड गाइनोकोलोजिष्टः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधि प्राप्त गरी अब्स्ट्रेटिक गाइनोकोलोजीमा स्नातकोत्तर वा पोष्ट ग्रयाजुएट डिप्लोमा वा सो सरह।

15= **स्वास्थ्य/पेडियाट्रिक्स/पेडियाट्रिक्स मेडिसिन/कन्सल्टेन्ट पेडियाट्रिसियनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधि प्राप्त गरी पेडियाट्रिक्समा स्नातकोत्तर वा पोष्ट ग्रयाजुएट डिप्लोमा वा सो सरह।

16= **स्वास्थ्य/एनेस्थेसियोलोजी/कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्टः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधि प्राप्त गरी एनेस्थेसियोलोजीमा स्नातकोत्तर वा पोष्ट ग्रयाजुएट डिप्लोमा वा सो सरह।

17= **स्वास्थ्य/साइक्याट्री/कन्सल्टेन्ट साइक्याट्रिष्टः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधि प्राप्त गरी साइक्याट्रीमा स्नातकोत्तर वा पोष्ट ग्रयाजुएट डिप्लोमा वा सो सरह।

18= **स्वास्थ्य/सर्जरी/जनरल सर्जरी/कन्सल्टेन्ट जनरल सर्जनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधि प्राप्त गरी जनरल सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त।

19= **स्वास्थ्य/सर्जरी/अर्थोपेडिक सर्जरी/कन्सल्टेन्ट अर्थोपेडिक सर्जनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधि प्राप्त गरी अर्थोपेडिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि अर्थोपेडिक सर्जरीमा डिप्लोमा वा सो सरह।

20= **स्वास्थ्य/रेडियोलोजी/कन्सल्टेन्ट रेडियोलोजिष्टः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधि प्राप्त गरी रेडियोलोजीमा स्नातकोत्तर वा पोष्ट ग्रयाजुएट डिप्लोमा वा सो सरह।

21= **स्वास्थ्य/जनरल हेल्थ सर्भिसेज/मेडिकल सुपरिटेन्डेन्टः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस. वा सो सरहको उपाधि प्राप्त।

ख. **खुला तथा अन्तर तह तर्फको लागिः** प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८ को उपदफा (३) र (६) तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९ को उपदफा (३) र (६) बमोजिम सेवा अवधि तथा तपसिल बमोजिमको शैक्षिक योग्यता भएको।

1= **प्रशासन/सामान्य प्रशासन/अधिकृत नवौं वा सो सरहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कला (आर्टस्), संस्कृत, व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, शिक्षा शास्त्र, कानून वा विज्ञानमा स्नातकोत्तर उत्तीर्ण।

2= **इन्जिनियरिङ/सिभिल/जनरल/सि.डि.इ. वा सो सरहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त।

3= **इन्जिनियरिङ/सिभिल/बि. एण्ड आ./सि.डि.इ. वा सो सरहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चरल वा सिभिल वा बिल्डिङ वा स्ट्रक्चरल वा टाउन प्लानिङ वा क्वालिटी सर्भे वा अर्बान प्लानिङ विषयमा स्नातकोत्तर उपाधि प्राप्त।

4= **कृषि/बागबानी/वरिष्ठ बागबानी अधिकृतः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम. एस्सी. (एगृ.) वा सो सरह उत्तीर्ण।

5= **वन/जनरल फरेष्ट्री/डिभिजनल वन अधिकृत वा सो सरहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा स्नातकोत्तर उपाधि प्राप्त।

6= **शिक्षा/शिक्षा प्रशासन/अधिकृत नवौं वा सो सरहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण।

7= **स्वास्थ्य/हेल्थ इन्स्पेक्सन/जनस्वास्थ्य प्रशासकः** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातकोत्तर उपाधि प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद तथा एलोप्याथी विषयमा स्नातक (व्याचलर अफ आयुर्वेदिक एण्ड मोर्डन मेडिसिन एण्ड सर्जरी) उपाधि प्राप्त गरी जनस्वास्थ्य विषयमा स्नातकोत्तर वा सो सरहको स्वास्थ्य क्षेत्रको समकक्ष उपाधि प्राप्त।

8= **स्वास्थ्य/एकिकृत चिकित्सा/जनस्वास्थ्य प्रशासकः** मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद तथा एलोप्याथी विषयमा स्नातक (व्याचलर अफ आयुर्वेदिक एण्ड मोर्डन मेडिसिन एण्ड सर्जरी) उपाधि प्राप्त गरी एम.पी.एच. वा सो सरहको स्वास्थ्य क्षेत्रको समकक्ष उपाधि प्राप्त।

9= **स्वास्थ्य/अब्टेट्रिक्स एण्ड गाइनोकोलोजी/कन्सल्टेन्ट अब्टेट्रिक्स एण्ड गाइनोकोलोजिष्टः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधि प्राप्त गरी अब्स्ट्रेटिक गाइनोकोलोजीमा स्नातकोत्तर वा पोष्ट ग्रयाजुएट डिप्लोमा वा सो सरह।

10= **स्वास्थ्य/पेडियाट्रिक्स/पेडियाट्रिक्स मेडिसिन/कन्सल्टेन्ट पेडियाट्रिसियनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधि प्राप्त गरी पेडियाट्रिक्समा स्नातकोत्तर वा पोष्ट ग्रयाजुएट डिप्लोमा वा सो सरह।

11= **स्वास्थ्य/मेडिसिन/जनरल मेडिसिन/कन्सल्टेन्ट जनरल फिजिसियनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधि प्राप्त गरी जनरल वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर वा पोष्ट ग्रयाजुएट डिप्लोमा वा सो सरह।

**12=** **स्वास्थ्य/एनेस्थेसियोलोजी/कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्टः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधि प्राप्त गरी एनेस्थेसियोलोजीमा स्नातकोत्तर वा पोष्ट ग्रयाजुएट डिप्लोमा वा सो सरह।

**13=** **स्वास्थ्य/साइक्याट्री/कन्सल्टेन्ट साइक्याट्रिष्टः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधि प्राप्त गरी साइकियाट्रिमा स्नातकोत्तर वा पोष्ट ग्रयाजुएट डिप्लोमा वा सो सरह।

**14=** **स्वास्थ्य/सर्जरी/अर्थोपेडिक सर्जरी/कन्सल्टेन्ट अर्थोपेडिक सर्जनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधि प्राप्त गरी अर्थोपेडिक सर्जरीमा स्नातकोत्तर वा पोष्ट ग्रयाजुएट डिप्लोमा वा सो सरह।

**15=** **स्वास्थ्य/रेडियोलोजी/कन्सल्टेन्ट रेडियोलोजिष्टः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. वा सो सरहको उपाधि प्राप्त गरी रेडियोलोजीमा स्नातकोत्तर वा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह।

## उम्मेदवारले पेस गर्नुपर्ने कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशनः

आन्तरिक अन्तर सेवा, अन्तरतह, खुला तथा समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनु पर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वाताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कलसहित आफैले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्नेछ। उल्लेखित कागजातहरू दरखास्त दिने अन्तिम मिति भित्र नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समय दरखास्त रद्द हुन सक्नेछ।

**खुलातर्फ दरखास्त दिन चाहने उम्मेदवारहरूको लागि आवश्यक अनुभवः**

(क) देहाय बमोजिमको निकायमा रही अधिकृतस्तरमा काम गरेको अनुभव सम्बन्धमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्र।

(१) निजामती तथा अन्य सरकारी निकाय

(२) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित सङ्गठित संस्था

(३) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति

(४) ऐनद्वारा स्थापित संस्था वा निकाय

(५) संयुक्त राष्ट्र सङ्घ, यसका अङ्ग तथा विशिष्टिकृत निकाय

(६) अन्तरसरकारी अन्तर्राष्ट्रिय संगठनहरू

(७) विश्वविद्यालयको आंगिक क्याम्पस

(८) सामुदायिक विद्यालय वा क्याम्पस

(ख) खण्ड (क) मा उल्लेख भए बाहेक राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्था लगायतका अन्य निकायको अनुभव पेस गरेकोमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृतस्तरका कर्मचारी भर्नाको प्रक्रिया, योग्यता, सङ्गठन, संरचना लगायत कर्मचारीको सेवाका शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृतस्तरमा भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ।

(ग) सरकारी कर्मचारीले अन्य सङ्गठित संस्थामा काम गरेको अनुभव पेस गरेमा नेपाल सरकारको पूर्व स्वीकृतिको पत्र तथा सो अवधिको बिदा स्वीकृतिको पत्र भएमा मात्र त्यस्तो अनुभवलाई मान्यता दिइनेछ।

(घ) एउटै अवधिमा दुई वा सो भन्दा बढी निकायमा काम गरेको भएमा पूरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ।

(ङ) नियुक्तिपत्र वा करारनामामा नै आंशिक रूपमा काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन।

(च) एक वर्ष भन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन।

(छ) सहायकस्तरमा पदाधिकार रही अधिकृतस्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता दिइने छैन।

(क) नियुक्तिपत्र वा करारनामामा उल्लेखित पदनामबाट अधिकृतस्तर नखुलेकोमा सम्बन्धित निकायले सो पद अधिकृतस्तरको भनी प्रमाणित गरेको पत्र पेस गर्नु पर्नेछ।

(ख) स्वास्थ्य सेवा तर्फका उम्मेदवारहरूले आफ्नो सेवा, समूहसँग सम्बन्धित परिषद्मा दर्ता/नविकरण भएको हुनुपर्नेछ।

(ग) MD (Doctor of Medicine) तथा DM (Doctorate of Medicine) Residential अध्ययन गर्दाको अवधिलाई समेत अनुभव अवधिको रूपमा गणना गरिनेछ।

(ज) माथि उल्लेखित प्रमाण खुल्ने कागजातहरू दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समय दरखास्त रद्द हुनेछ।

**द्रष्टव्यः**

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरूको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ।

(ख) दरखास्त दिने दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको वा झुटा विवरण पेश गरेको पाइएमा दरखास्त जुनसुकै बखत अस्वीकृत गर्न सकिनेछ।

(घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाण पत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेस गर्नु पर्ने भनि उल्लेख गरिएका काजगातहरूको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नु पर्नेछ।

(च) सम्बन्धित पदको लागि निर्धारित शैक्षिक योग्यता दरखास्त दिने अन्तिम मितिभित्र हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सोही मिति भित्र सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको उपाधिको समकक्षता निर्धारण गराएको हुनु पर्नेछ।

**(छ) दरखास्त पेस गर्दा स्वयम् उम्मेदवारले गरेको दस्तखतको नमूना पेस गर्नु पर्नेछ। प्रवेश पत्रमा भएको दस्तखत र लिखित परीक्षाको समयमा गरिने दस्तखत फरक परेमा उक्त परीक्षार्थीलाई परीक्षाबाट निष्काशन गर्न गरिनेछ।**

(ज) परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नु पर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(झ) स्वास्थ्य सेवा तर्फका उम्मेदवारहरूले दरखास्त दिने अन्तिम मितिसम्ममा आफ्नो सेवा, समूहसँग सम्बन्धित परिषद्मा दर्ता/नविकरण भएको र म्याद कायम रहेको हुनुपर्नेछ।

(ञ) प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १० को उपदफा (२) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ११ को उपदफा (२) बमोजिम **विशेष सुविधा (आरक्षण) सेवा अवधि भरमा अधिकृतस्तरको पदमा एक पटक मात्र उपयोग गर्न पाइनेछ।**

(ट) प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १० बमोजिम **समान तहमा प्रतिस्पर्धा गर्न वा उम्मेदवार हुन पाइनेछैन।**

(ठ) खण्डगत वा प्रश्न नम्बर अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा उत्तर दिनु पर्नेछ।

(ड) पाठ्यक्रम आयोगको वेवसाइट spsc.bagamati.gov.np बाट प्राप्त गर्न सकिने छ।